नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(............................................... शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ र Preparatory Commission for the Comprehensive Nuclear-Test-Ban Treaty Organization (CTBTO) का Executive Secretary, Dr. Robert Floyd का बीच आज मिति २०८० साल जेठ २२ गते सोमबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ता क्रममा माननीय मन्त्रीज्यूले नेपाल र संयुक्त राष्ट्र संघ बीच प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्दै नेपालले Comprehensive Nuclear Test Ban Teaty (CTBT) मा सन् १९९६ मा हस्ताक्षर गरेको तर अनुमोदन गर्न बाँकी रहेको जानकारी गराउनु हुँदै नेपाल सरकारले उक्त सन्धिको अनुमोदन प्रक्रिया चाँडै नै अघि बढाउने जानकारी गराउनु भयो ।

भेटका क्रममा Executive Secretary Dr. Robert Floyd ले कानून मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उक्त अवसरमा उहाँले यस सन्धिलाई नेपालले समयमै अनुमोदन गर्नु राम्रो हुने धारण व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(फणिन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता

मिति: २०८०।०२।२२

फोन नं.:४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४